गैडहवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गैडहवा-३, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# परियोजना तथा योजना निर्माण गर्दा विस्थापित परिवारलाई राहत सहयोग उपलब्ध गराउने मापदण्ड, २०८२

## १. प्रस्तावना

गैडहवा गाउँपालिकाले आफ्ना विकास आयोजना/योजनाहरू कार्यान्वयन गर्ने क्रममा कतिपय सडक, भवन, सामुदायिक संरचना, खानेपानी/सिँचाइ संरचना, सार्वजनिक सुविधा विस्तार आदि कारणले व्यक्तिको भूमि, घर, टहरा वा आजीविका प्रभावित हुन सक्ने अवस्थामा स्थानीय परिवारलाई मानवीय, न्यायोचित र पारदर्शी ढंगले राहत उपलब्ध गराउन गैडहवा गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५(४) बमोजिम गैडहवा गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८२।०८।२३ को निर्णय अनुसार यो मापदण्ड तयार गरिएको हो।

## २. उद्देश्य

क. परियोजना/योजना निर्माणका कारण प्रत्यक्ष प्रभावित तथा विस्थापित भएका परिवारलाई समयमै राहत प्रदान गर्नु।
ख. प्रभावित परिवारको सामाजिक, आर्थिक र आवासीय स्थायित्व जोगाउँदै न्यूनतम जीवनयापन सुनिश्चित गर्नु।
ग. राहत वितरणमा एकरूपता, पारदर्शिता र उत्तरदायित्व कायम गर्नु।
घ. परियोजनाको कार्यान्वयनलाई विवादरहित, समन्वित र दिगो बनाउनु।

## ३. मापदण्डको दायरा

यो कार्यविधि गैडहवा गाउँपालिका वडा नं १ देखि वडा नं ९ भित्र कार्यान्वयन हुने गाउँपालिका स्तरीय, वडास्तरीय तथा साझेदारीमा सञ्चालन हुने विकास आयोजना/योजना मा लागू हुनेछ।

## ४. परिभाषा

सुरेन्द्र पौड्याल
अध्यक्ष

विस्थापित परिवारः परियोजना निर्माणबाट घर, टहरा, जग्गा, व्यवसाय वा आजीविका प्रभावित भई सार्न/व्यवस्थापना गर्न बाध्य परिवार।

- आंशिक प्रभावितः परियोजनाका कारण केही संरचना, बारी/जग्गा वा व्यवसाय क्षति हुने तर विस्थापित हुन नपर्ने।
- पूर्ण विस्थापितः घर, बासस्थान वा व्यावसायिक संरचना भत्काउनुपर्ने अवस्था बनेको।

## ५. पात्रता मापदण्ड

विस्थापित राहत प्राप्त गर्न निम्न पात्रता आवश्यक हुनेछ‘

क. परियोजनाको डिजाइन, DPR वा कार्यस्थलमा सार्वजनिक रूपमा प्रमाणित प्रभावित क्षेत्रमै पर्ने।
ख. परिवारले परियोजनाका कारण बसोबास वा आजीविका गुमाउनु परेको।
ग. प्रभावित परिवार गैडहवा गाउँपालिकाको स्थायी वासिन्दा हुनुपर्ने।
घ. समान उद्देश्यको राहत अन्य सरकारी/गैरसरकारी निकायबाट नपाएको स्वघोषणा।
ङ. विवाद रहित, वास्तविक प्रभावित परिवार भएको वडा कार्यालयबाट प्रमाणित।

## ६. आवश्यक कागजात

क. वडा कार्यालयको सिफारिस
ख. स्थायी बसोबास प्रमाण (नागरिकता/घरधनी प्रमाण)
ग. जग्गाधनी प्रमाण
घ. संयुक्त परिवार भएमा प्रमुख प्रतिनिधिको सहमति

## ७. राहतको प्रकार

गैडहवा गाउँपालिकाले उपलब्ध गराउने राहतका प्रकारहरूः

### क) आर्थिक राहत

- पूर्ण विस्थापित परिवारः गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम
- आंशिक क्षतिः क्षतिको प्रकार/अंशअनुसार मूल्यांकन गरी सहयोग
- भत्केको घर/टहरा निर्माणका लागि न्यूनतम आर्थिक सहयोग

### ख) जिन्सी राहत

सुरेन्द्र पौड्याल
अध्यक्ष

- त्रिपाल/ टेन्ट
- कम्बल
- भान्साका सामग्री
- दैनिक उपभोग्य सामग्री (चामल, दाल, नून, तेल आदि)
- अस्थायी आवास सामग्री (टार्पोलिन, बास/काठ)

ग) अन्य सहयोग

- पुनःस्थापनाका लागि प्राविधिक सहयोग (कम्पास, मापन, डिजाइन)
- सामाजिक संरक्षण योजनामा प्राथमिकता
- नागरिकता/घरधनी दर्ता अद्यावधिकमा सहजीकरण

८. मूल्यांकन तथा निर्णय प्रक्रिया

क. वडा कार्यालयले विस्थापित/प्रभावित विवरण संकलन गरी ५ दिनभित्र गाउँपालिकामा पठाउने।
ख. वडा कार्यालयको सिफारिस बमोजिम कार्यपालिकामा पेश गर्ने ।
ग. कार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा राहत वितरण हुने ।

९. राहत वितरण प्रक्रिया

क. राहत वितरण वडा कार्यालय, गाउँपालिका कार्यालय वा स्थलमै गरिन सक्छ।
ख. सामग्री वा रकम बुझ्नेले राहत प्राप्ति कागजमा हस्ताक्षर/औंठाछाप गर्नुपर्ने।
ग. राहतको अभिलेख दुवै राखिने (नाम, ठेगाना, राहत प्रकार, मिति)।
घ. वितरणमा पारदर्शिता कायम गर्न वडा अध्यक्ष/सदस्यको उपस्थितिलाई प्राथमिकता
ङ. राहतको प्रकृति अनुसार सम्झौता पत्रानुसार गर्न सकिने।

क. पहिलो किस्ता निकासा (प्रथम किस्ता)

विस्थापित विपन्न परिवारलाई पहिलो किस्ता उपलब्ध गराउने प्रक्रिया यसप्रकार हुनेछः

- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- प्रभावित परिवारको जग्गा सम्बन्धी कागजात (साविक ठेगाना वा पुनर्वासका लागि प्रदान गरिएको जग्गा),
- नयाँ स्थानमा घर निर्माण गर्न लागेको भए सो भू-खण्डको कागजात प्राप्त भएको प्रमाण।

उक्त कागजातहरू पेश भइसकेपछि पहिलो किस्ताको लागि २०% (रकम) सिफारिस गरी निकासा गरिनेछ।

## ख. दोस्रो किस्ता निकासा (दोस्रो किस्ता)

दोस्रो किस्ता उपलब्ध गराउने प्रक्रिया यसप्रकार हुनेछः

- निर्माण स्थलमा आवश्यक निर्माण सामग्री झारिसकेको प्रमाण,
- Plinth Level (फाउन्डेसनदेखि जमिन सतहसम्म) सम्मको काम सम्पन्न भएको प्राविधिक/अनुगमन समितिको प्रतिवेदन,
- अनुगमन समितिको अनुगमन प्रतिवेदन,
- निर्माण सामग्रीका बिल तथा भरपाई,
- वडा कार्यालयको सिफारिस,
- दोर—हाजिरा (मजदूर हाजिरी) प्रस्तुत।

यी प्रक्रिया पूरा भएपछि दोस्रो किस्ताको लागि ६०% (रकम) सिफारिस गरी निकासा गरिनेछ।

## ग. अन्तिम किस्ता निकासा (तृतीय/अन्तिम किस्ता)

आवास निर्माण पूर्ण रूपमा समास भई घर बस्न योग्य भएको पुष्टि भएपछि अन्तिम किस्ता उपलब्ध गराइनेछ।
प्रक्रिया यसप्रकार हुनेछः

- निर्माण कार्य संपूर्ण रूपमा सम्पन्न भएको प्राविधिक/अनुगमन समितिको प्रतिवेदन,
- सम्बन्धित बिल/भरपाई,
- वडा कार्यालयको सिफारिस,
- दोर—हाजिरा (कामदार हाजिरी),
- निर्माण सम्पन्न घरका आवश्यक तस्बिरहरू (फोटो प्रमाण)।

उक्त प्रमाणहरू प्रस्तुत भएपश्चात अन्तिम किस्ताको लागि २०% (रकम) सिफारिस गरी निकासा गरिनेछ।

सुरेन्द्र पौड्याल
अध्यक्ष

१०. अभिलेख तथा डेटा व्यवस्थापन

- सबै राहत विवरणको अभिलेख राखिने।
- त्रैमासिक समयमा विस्थापित परिवार अपडेट सूची तयार गरिने।
- अभिलेख कम्तीमा ७ वर्षसम्म सुरक्षित राखिने ।

११. अनुगमन तथा मूल्यांकन

- गाउँपालिकाको योजना अनुगमन तथा मुल्याङ्कन समिति बाट अनुगमन गरिने।
- आवश्यक सुधारका सिफारिस कार्यपालिका बैठकमा पेस।
- राहत वितरणमा दुरुपयोग भेटिएमा तत्काल अनुसन्धान।

१२. व्यवस्थापन अधिकार

मापदण्डको संशोधन, थप, कटौती वा नयाँ व्यवस्था गर्ने अधिकार गैडहवा गाउँपालिका कार्यपालिकामा रहनेछ।

१३. अन्य व्यवस्था

- अत्यन्त विपत्तिजन्य अवस्थामा एमर्जेन्सी राहत वडा कार्यालयमार्फत तत्काल उपलब्ध गराउन सकिने।
- झुटा कागजात पेश गर्ने वा दुरुपयोग गर्ने व्यक्तिमाथि कानूनी कारबाही हुनेछ।
- राहत माग्ने क्रममा विवाद उत्पन्न भएमा गाउँपालिका कार्यपालिकाको निर्णय अन्तिम हुने।

सुरेन्द्र पौड्याल
अध्यक्ष